


वर्ष ४५ अंक ४ पुस २०७७ डिसेम्बर २०२०-जनवरी २०२१

# मौद्रिक नीतिको त्रैमासिक समीक्षा सार्वजनिक



नेपाल राष्ट्र बैंकले आ.व.२०७७/७८ को मौद्रिक नीतिको त्रैमासिक समीक्षा सार्वजनिक गरेको छ। बैंकले भर्चुअल पत्रकार सम्मेलनमार्फत २०७७ मङ्सिर १८ गते सो समीक्षा सार्वजनिक गरेको हो।

समीक्षामार्फत मौद्रिक विस्तारबाट मूल्य र बाह्य क्षेत्र स्थायित्वमा थप दबाब सृजना हुन नदिन तथा आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासमा वित्तीय साधनको उपलब्धतालाई सहजीकरण गरी आर्थिक वृद्धिमा सहयोग पुऱ्याउन मौद्रिक नीतिको विद्यमान कार्यदिशालाई निरन्तरता दिइएको छ। समीक्षामा वित्तीय सहजीकरणको लागि अपनाइएका नियामकीय लचकताबाट वित्तीय स्थायित्वमा जोखिम आउन नदिन सजगता अपनाइने जनाइएको छ।

अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात र बैंक दरलाई यथावत् राखिएको छ। बैंक तथा वित्तीय संस्थाले कल निक्षेपबाहेकका ब्याज प्रदान गरिने निक्षेप खातामा दिइने अधिकतम र न्यूनतम ब्याजदरबीचको अन्तर पाँच प्रतिशत बिन्दुभन्दा बढीले फरक गर्न नपाइने व्यवस्था गरिने समीक्षामा उल्लेख छ। पत्रकार सम्मेलनमा गभर्नर महाप्रसाद अधिकारीले मुद्दती निक्षेप र साधारण निक्षेपबीचको अन्तरलाई सन्तुलित बनाउन उक्त व्यवस्था गरिएको जानकारी दिनुभयो।

आवधिक प्रकृतिका कर्जाको अग्रिम भुक्तानी गर्दा लिइने शुल्क र स्वाप शुल्कलाई थप व्यवस्थित गरिने र स्थिर ब्याजदरमा प्रवाह भएका कर्जाको हकमा ब्याजदर जोखिम बहन तथा स्रोत व्यवस्थापनसँग तालमेल हुने गरी अग्रिम भुक्तानी शुल्क तथा समयावधि निर्धारण गर्न सकिने व्यवस्था गरिने समीक्षामा उल्लेख छ।

समीक्षामार्फत बैंकले कोभिड-१९ को असर परेका ऋणीको छ महिनाभन्दा बढीको ब्याज बक्यौता नरहेको अवस्थामा धितो लिलामीजस्ता प्रक्रिया केही समयसम्मका लागि स्थगन गर्नुपर्ने व्यवस्था गरिने जनाएको छ। समीक्षामा अगाडि भनिएको छ, 'बैंक तथा वित्तीय संस्थाबाट विदेशी मुद्रामा ऋण लिएका ऋणीहरू विश्वव्यापी महामारीको रूपमा

फैलिएको कोभिड-१९ बाट प्रभावित हुन गई विदेशी मुद्रामा साँवा तथा ब्याज भुक्तानीमा पर्न गएको असहज परिस्थितिलाई दृष्टिगत गरी यस्तो विदेशी मुद्रामा लिएको ऋणको किस्ता नेपाली मुद्रामा समेत भुक्तानी गर्न सकिने व्यवस्था मिलाइनेछ ।'

अनलाइनमार्फत निश्चित रकमसम्म विदेशी वस्तु तथा सेवा आयात गरी सोको भुक्तानी गर्न विदेशी मुद्रामा सटही सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेसमेत समीक्षामा उल्लेख छ । यसै गरी, बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली सञ्चालकले विद्युतीय भुक्तानी सेवा प्रदान गरेवापत ग्राहकबाट लिने सेवा शुल्कसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने राष्ट्र बैंकले जनाएको छ । व्यक्तिगत अधिविकर्ष कर्जा, शेयर धितो कर्जा तथा रियलस्टेट कर्जासम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरिने समीक्षामा उल्लेख छ ।

कोभिड-१९ संक्रमणबाट अधिक प्रभावित भएका होटल लगायतका पर्यटन व्यवसाय र पशुपन्छीपालन व्यवसायलाई प्रदान गरिने पुनरकर्जामा थप सहजीकरण गरिने र कोभिड-१९ संक्रमणको असर परेका क्षेत्रको विद्यमान अति प्रभावित, मध्यम प्रभावित तथा न्यून प्रभावित वर्गीकरणमा आवश्यकता अनुसार पुनरावलोकन गर्न अध्ययन गरिने बैंकले जनाएको छ ।

पत्रकार सम्मेलनमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक एवम् प्रवक्ता डा.गुणाकर भट्टले समीक्षा प्रस्तुत गर्नुभएको थियो ।

# गभर्नर अधिकारीद्वारा "सिङ्गापुर फिन्टेक महोत्सव-२०२०" लाई सम्बोधन
# "डिजिटल अर्थतन्त्र र वित्तीय प्रणालीको विकासमा राष्ट्र बैंक प्रतिबद्ध"

गभर्नर महाप्रसाद अधिकारीले नेपालमा डिजिटल अर्थतन्त्र र वित्तीय प्रणालीको विकास र प्रवर्द्धनका निम्ति नेपाल राष्ट्र बैंक प्रतिबद्ध रहेको बताउनुभएको छ ।

संयुक्त राष्ट्रसंघीय पुँजी विकास कोष र सिङ्गापुर मनिटरी अथोरिटीद्वारा संयुक्त रूपमा आयोजित 'सिङ्गापुर फिन्टेक महोत्सव'लाई सम्बोधन गर्दै उहाँले सो कुरा बताउनुभएको हो । 'कृषि र खाद्य प्रणालीमा डिजिटल बैंकिङले पुर्‍याउन सक्ने सहयोग' विषयमा मन्तव्य राख्दै गभर्नर अधिकारीले भन्नुभयो, "वित्तीय क्षेत्रको नेतृत्वदायी निकाय हुनुका नाताले नेपालमा डिजिटल अर्थतन्त्रको विकासका निम्ति राष्ट्र बैंकको अत्यन्तै ठूलो भूमिका रहेको तथ्यलाई हामीले महसुस गरेका छौं । त्यसैले नेपालमा 'डिजिटल पर्यावरण' को विकासको लागि हामी प्रतिबद्ध छौं ।"

नेपाल सरकारले डिजिटल अर्थतन्त्रको प्रवर्द्धनका निम्ति 'डिजिटल नेपाल प्रारूप'को महत्वाकाङ्क्षी योजना अगाडि सारेको उल्लेख गर्दै गभर्नर अधिकारीले मुलुकको अर्थतन्त्र, शासकीय व्यवस्था र सामाजिक क्रियाकलापको रूपान्तरणमा यो अभियानले सार्थक भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । "यो प्रारूपलाई नेपालको 'डिजिटल आधारशिला'को रूपमा लिइएको छ । यसको कार्यान्वयनबाट मुलुकको कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त र सहरी पूर्वाधार विकाससँगै मुलुकको समग्र आर्थिक तथा सामाजिक विकासले एउटा फड्को मार्ने मेरो विश्वास छ ।" उहाँले भन्नुभयो ।




पछिल्लो समयमा नेपालमा विद्युतीय बैंकिङ र भुक्तानी प्रणालीको विकासलाई नेपाल सरकार र राष्ट्र बैंकले उच्च प्राथमिकतामा राखेको जानकारी दिँदै गभर्नर अधिकारीले यसको कार्यान्वयनका निम्ति कानुनी, नीतिगत, संस्थागत व्यवस्थालाई सबल तुल्याइएको धारणा व्यक्त गर्नुभयो । यसैको परिणाम स्वरूप भुक्तानी प्रणालीको विकास तथा सञ्चालन, इजाजत प्रक्रिया, सम्बद्ध संस्थाको सुपरिवेक्षणको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएको उहाँको भनाइ थियो । डिजिटल बैंकिङको विस्तारसँगै यसको नियमन र सुपरिवेक्षणको क्षेत्रमा चुनौती थपिएको उल्लेख गर्दै त्यसप्रति नियामक निकायहरू सजग रहनुपर्ने धारणा उहाँले राख्नुभयो ।

पछिल्लो समयमा विश्वव्यापी रूपमा देखापरेको कोभिड-१९ महामारीले डिजिटल बैंकिङको सान्दर्भिकतालाई थप सबल बनाएको उल्लेख गर्दै गभर्नर अधिकारीले कृषि तथा खाद्य प्रणालीमा समेत डिजिटल प्रविधिसँग आबद्ध गराउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँले भन्नुभयो, "डिजिटल प्रविधिको प्रयोगबाट कृषिजन्य उत्पादन, उत्पादकत्व अभिवृद्धि, लगानी, मूल्य निर्धारण, बजार व्यवस्थापन र भुक्तानी कार्यलाई सहजीकरण गर्न सकिन्छ । यसबाट अन्ततः दिगो कृषि र खाद्य प्रणालीमा दूरगामी प्रभाव पार्नेछ ।" हाल सहरी क्षेत्रमा केन्द्रित रहेको डिजिटल प्रणालीलाई ग्रामीण क्षेत्रसम्म विस्तार गरी स्थानीय कृषकलाई 'ई-कमर्स'सँग जोड्नुपर्ने उहाँको सुझाव थियो । साथै, डिजिटल प्रविधिको प्रयोगबाटै ग्रामीण कृषकलाई वित्तीय स्रोतको व्यवस्था, बीमा, कृषिसम्बन्धी सूचना/जानकारी विद्युतीय भुक्तानी र लगानीका अवसर उपलब्ध

गराउनुपर्ने आवश्यकता गभर्नर अधिकारीले औंल्याउनुभयो ।

नेपालको कुल गार्हस्थ्य उत्पादनको करिब २८ प्रतिशत हिस्सा र झण्डै दुई तिहाई जनसंख्याको जीविकोपार्जनको स्रोत कृषि रहेको उल्लेख गर्दै गभर्नर अधिकारीले कृषकहरूलाई थप व्यावसायिक बनाउन यसै वर्ष मौद्रिक नीतिमार्फत कृषि ऋणपत्र र किसान क्रेडिट कार्डसम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन लागिएको जानकारी दिनुभयो ।

संयुक्त राष्ट्रसंघीय पुँजी विकास कोष र सिङ्गापुर मनिटरी अथोरिटीद्वारा गत मङ्सिर २२ देखि २५ गतेसम्म भर्चुअल माध्यमबाट आयोजना गरिएको उक्त महोत्सवमा हरेक दिन अलगअलग विषयका सम्मेलनहरू सञ्चालन गरिएका थिए । यस क्रममा आर्थिक, पूर्वाधार, प्रभाव, लगानी र 'ट्यालेन्ट' विषयक सम्मेलनहरू समेटिएको थियो ।

महोत्सवमा ६०० भन्दा बढी सत्र (सेसन) हरू सञ्चालन भएको र त्यसमा १,४०० वक्ता, एक हजारभन्दा बढी प्रदर्शकसँगै र ६० हजारभन्दा बढी सहभागी भएको जानकारी आयोजकले दिएका छन् । सो महोत्सवमा १३० भन्दा बढी मुलुकका सात हजारभन्दा बढी अन्तर्राष्ट्रिय कम्पनीले प्रतिनिधित्व गरेको आयोजकको भनाइ छ ।

'सिङ्गापुर फिन्टेक महोत्सव'लाई डिजिटल बैंकिङ प्रविधिको प्रवर्द्धन र विकासको दृष्टिकोणले विश्वकै सबैभन्दा ठूलो महोत्सवका रूपमा लिने गरिएको छ । डिजिटल बैंकिङको क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा भएका नवप्रवर्तन, नवीनतम अभ्यास, नीतिगत व्यवस्थाबारे सरोकारवाला निकायका प्रतिनिधिहरूबीच ज्ञान, सीपको आदानप्रदानका निम्ति यस महोत्सवलाई साझा मञ्जको रूपमा लिँदै आइएको छ ।

# सार्क फाइनान्स सेमिनार सम्पन्न




नेपाल राष्ट्र बैंकले २०७७ मङ्सिर १७ गते 'वित्तीय समावेशीकरण' विषयक एक दिने सार्क फाइनान्स सेमिनार आयोजना गऱ्यो । सेमिनार भर्चुअल माध्यममार्फत आयोजना गरिएको हो ।

सेमिनारको उद्घाटन सत्रमा स्वागत मन्तव्य राख्दै गभर्नर महाप्रसाद अधिकारीले गरिबी न्यूनीकरणमार्फत दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्न वित्तीय समावेशीकरण अपरिहार्य रहेको बताउनुभयो । दक्षिण एसियाका मुलुकहरू अझै पनि गरिबीको चपेटामा रहेको उल्लेख गर्दै उहाँले बदलिँदो परिस्थितिमा उद्यम व्यवसाय सञ्चालन गर्न कठिनाइ रहेको र यसका लागि विभिन्न नीतिगत व्यवस्थामार्फत सम्बोधन गरिएको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा सार्क सचिवालयका महासचिव इसाला रुवान विराकुनले सन् २००७ देखि नै सार्कमा वित्तीय समावेशीकरणको एजेण्डाले प्रवेश पाएको उल्लेख गर्दै सो क्षेत्रको वित्तीय समावेशीकरणको अवस्थाबारे प्रकाश पार्नुभयो । सो अवसरमा बङ्गलादेश बैंकका गभर्नर फाजल कबिरले बङ्गलादेशको वित्तीय समावेशीकरणको इतिहास, वर्तमान अवस्था र दक्षिण एसियामा वित्तीय समावेशीकरणका चुनौतीबारे प्रकाश पार्नुभएको थियो ।

सेमिनारको पहिलो व्यावसायिक सत्र रोयल मनिटरी अथोरिटी अफ भुटानको वित्तीय समावेशीकरण सचिवालयका प्रमुख नाङ्सी डेमाको अध्यक्षतामा सम्पन्न भयो । सो सत्रमा एलायन्स फर फाइनान्सियल इन्क्लुजन (एएफआई) को नीति विश्लेषण प्रमुख रोबिन न्यूनह्यामले 'Financial Inclusion in the new normal (COVID-19)' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । सो कार्यपत्रमाथि दा अफगानिस्तान बैंकका मतिउल्लाह स्ट्यानिक्जाई, स्टेट बैंक अफ पाकिस्तानका डा.फारुक अर्बी र सेन्ट्रल बैंक अफ श्रीलङ्काका डा.चन्द्रनाथ अमारासेकाराले टिप्पणी गर्नुभएको थियो ।

यसै गरी, दोस्रो व्यावसायिक सत्रमा सार्क मुलुकका केन्द्रीय बैंकका तर्फबाट देशगत प्रस्तुति दिइएको थियो । माल्दीभ्स मनिटरी अथोरिटीका डेपुटी गभर्नर अहमद इमादको अध्यक्षतामा सञ्चालित उक्त सत्रमा सहभागी मुलुकका कन्ट्री पेपर प्रस्तुत गरिएका थिए । कार्यक्रमको तेस्रो व्यावसायिक सत्रमा प्यानल छलफल भएको थियो । रिजर्व बैंक अफ इण्डियाका कार्यकारी निर्देशक अनिलकुमार शर्माले उक्त सत्रको अध्यक्षता गर्नुभएको थियो भने अन्तर्राष्ट्रिय मुद्रा कोषका वरिष्ठ आवासीय प्रतिनिधि लुइस ब्रुअर, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक एवम् अर्थ मन्त्रालयका आर्थिक सल्लाहकार डा.प्रकाशकुमार श्रेष्ठ र राष्ट्रसंघीय पुँजी विकास कोषका क्षेत्रीय व्यवस्थापक मारिया परडोमो सो सत्रको प्यानलिष्ट रहनुभएको थियो ।

वित्तीय स्थायित्व र वित्तीय समावेशीकरणबीचको सम्बन्ध, कोभिडबाट सिर्जित नयाँ परिस्थितिमा वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्न केन्द्रीय बैंकले खेल्न सक्ने भूमिकाका विषयमा उक्त प्यानल छलफल केन्द्रित थियो । सो अवसरमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले कार्यक्रमको संक्षिप्त समीक्षासहित समापन मन्तव्य राख्नुभयो भने राष्ट्र बैंकका तर्फबाट सार्क फाइनान्स संयोजक एवम् का.मु.निर्देशक नारायणप्रसाद पोखेलले धन्यवाद मन्तव्य राख्नुभएको थियो । वैकल्पिक सार्क फाइनान्स संयोजक तथा उप-निर्देशक डम्बर सुवेदीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गभर्नर अधिकारीद्वारा 56th SEACEN Governors' Conference/High-Level Seminar र 40th Meeting of the SEACEN Board of Governors' बैठकमा सहभागिता

दक्षिण पूर्वी एसियाका १९ केन्द्रीय बैंकका गभर्नर/प्रबन्ध निर्देशकहरूको ५६औं उच्चस्तरीय सेमिनार र ४० औं बैठक २०७७ मङ्सिर १६ मा सम्पन्न भयो ।

अथोरिटी मनिटरी ब्रुनाई दारेसलामका प्रबन्ध निर्देशक याङ मुलिया दयाङ हजाह रोकिया बिन्ती हाजी बदारको अध्यक्षतामा भर्चुअल माध्यमबाट उक्त बैठक सम्पन्न भएको हो । उक्त बैठकमा सहभागी हुनुभएका गभर्नर महाप्रसाद अधिकारीले सिसन सेन्टरको आगामी वर्षका लागि प्रस्तुत नीतिगत प्रस्तावमाथि आफ्नो धारणा राख्नुभयो ।

सो अवसरमा पिपुल्स बैंक अफ चाइनाका डेपुटी गभर्नर चेन युलुले 'केन्द्रीय बैंकले अवलम्बन गरेका डिजिटल मुद्राको अवसर र चुनौतीहरू' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त बैठकमा सदस्य मुलुकका केन्द्रीय बैंकका गभर्नरहरूबीच कोभिड-१९ ले अर्थतन्त्रमा पारेको असर र सोको न्यूनीकरणका लागि अवलम्बन गरिएका नीतिगत व्यवस्थाका सम्बन्धमा समेत छलफल भएको थियो । कोभिडको असर कायमै रहँदासम्म सिसन सेन्टरको सभा, बैठक, सम्मेलन, तालिम, गोष्ठीहरू भर्चुअल माध्यममार्फत नै निरन्तरता दिनुपर्नेमा सदस्यहरू एक मत देखिएका थिए ।

बैठकमा सिसन सेन्टरका कार्यकारी निर्देशक डा.मङ्गल गोस्वामीले सिसन बोर्डको कार्यसूची, सन् २०२० को कार्यप्रगति र २०२१ को बजेट तथा कार्ययोजना प्रस्तुत गर्नुभएको थियो । सदस्यहरूले सो सम्बन्धमा आफ्नो धारणा राख्दै सन् २०२० को प्रस्तुत कार्यप्रगति विवरण तथा बजेटको समीक्षा गर्दै सन् २०२१ को बजेट तथा कार्ययोजना स्वीकृत समेत गरेका थिए ।

उक्त बैठकमा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा.नेफिल मातङ्गि मास्के, आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा.गुणाकर भट्ट, जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक रामु पौडेल र गभर्नरको कार्यालयका का.मु.निर्देशक नारायणप्रसाद पोखेलको सहभागिता थियो ।

# गभर्नर अधिकारी आईएमएफ र टोकियो विश्वविद्यायको सेमिनारमा सहभागी




गभर्नर महाप्रसाद अधिकारी अन्तर्राष्ट्रिय (आईएमएफ), एसिया प्रशान्त क्षेत्रीय कार्यालय र टोकियो विश्वविद्यालयद्वारा २०७७ मङ्सिर ८-१० मा अयोजित 'Securing Financial Stability: Lessons from the Global Financial Crisis in the age of COVID-19' विषयक भर्चुअल सेमिनारमा सहभागी हुनुभयो ।

टोकियो विश्वविद्यालयका अध्यक्ष माकोतो गोनोकमीले उक्त सेमिनारको प्रथम सत्रको उद्घाटन गर्नुभयो । सो अवसरमा आईएमएफका प्रबन्ध निर्देशक क्रिष्टालिना गियोर्गिभाले उद्घाटन मन्तव्य राख्नुभयो । यसै गरी, बैंक अफ जापानका गभर्नर हारुहिको कुरोडाले दोस्रो र तेस्रो सत्रको उद्घाटन मन्तव्य राख्नुभयो भने जापान फाइनान्सियल सर्भिसेसका कमिस्नर रोयोजो हिमिनोले चौथो तथा अन्तिम सत्रको उद्घाटन मन्तव्य राख्नुभएको थियो ।

उक्त सेमिनारमा आईएमएफका निर्देशक टोविस अड्रियनले कोभिड-१९ को महामारीका कारण निम्तिएको सङ्कटको घडीमा वित्तीय क्षेत्रका नीति निर्मातालाई कोषले पुऱ्याएको सहयोगको बारेमा चर्चा गर्नुभयो । अन्तर्राष्ट्रिय मुद्रा कोषका का.मु. निर्देशक जोनथन ओष्ट्रेले विश्व तथा एसिया क्षेत्रको आर्थिक अवस्थाका सन्दर्भमा आफ्नो धारणा राख्नुभएको थियो ।

सेमिनारमा विश्वव्यापी वित्तीय संकटका अवधिमा अन्तर्राष्ट्रिय स्तरमा गरिएको कोभिडबाट अर्थतन्त्रमा सिर्जित असहज परिस्थितिमा सङ्कट व्यवस्थापनको निम्ति पाठ सिकिएको चर्चा भएको थियो । उक्त सेमिनारमा सहभागीहरूबीच कोभिड-१९ का कारण आर्थिक तथा वित्तीय सङ्कटको असरलाई न्यूनीकरण गर्दै वित्तीय स्थायित्व कायम गर्न अन्तर्राष्ट्रिय समन्वयात्मक भूमिकाको महत्व, वित्तीय सङ्कट सामना गर्नका लागि अवलम्बन गर्नुपर्ने विभिन्न किसिमका वित्तीय औजारहरूको समेत चर्चा भएको थियो । टोकियो विश्वविद्यालयका डिन सुटोमु वतानावेले सेमिनारको समापन मन्तव्य दिनुभएको थियो ।

# बैंकर्स प्रशिक्षण केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न

नेपाल राष्ट्र बैंक, बैकर्स प्रशिक्षण केन्द्रले २०७७ मङ्सिर महिनामा विभिन्न तालिम कार्यक्रम सम्पन्न गरेको छ। केन्द्रले भर्चुअल माध्यमबाट उक्त तालिम कार्यक्रमहरू सम्पन्न गरेको हो।

यस क्रममा केन्द्रले मङ्सिर १२ गते 'योग तथा तनाव व्यवस्थापन' विषयक तालिम कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा जीवन विज्ञान प्रतिष्ठानका प्रशिक्षक होमनाथ आचार्य र हाँस्यव्यङ्ग्य कलाकार सुबोध गौतमले प्रस्तुति दिनुभएको थियो। उक्त कार्यक्रममा बैंकका ९० जना कर्मचारीको सहभागिता थियो।

यसै गरी, मङ्सिर २४-२६ गते 'योजना, बजेट, जोखिम व्यवस्थापन र व्यवसाय निरन्तरता योजना' विषयक तालिम कार्यक्रम सम्पन्न भयो। उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ५० जना कर्मचारी सहभागी भएका थिए। सात वटा सत्रहरू समेटिएको उक्त कार्यक्रममा बैंकको बजेटसम्बन्धी नीतिगत व्यवस्था, बजेटको कार्यान्वयन, रणनीतिक योजना, जोखिम व्यवस्थापन, व्यवसाय निरन्तरता योजनाका विषयमा सहभागीहरूलाई प्रशिक्षण दिइएको थियो।

केन्द्रले मङ्सिर २८ देखि पुस १ सम्म सञ्चालित 'वित्तीय स्थायित्व र समष्टिगत विवेकशील नीतिहरू' विषयक तालिम कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा विवेकशील तथा समष्टिगत नीति, वित्तीय स्थायित्व र यसमा बैंक तथा गैरबैंकिङ वित्तीय संस्थाको भूमिका, प्रणालीगत जोखिम लगायतका विषयमा प्रशिक्षण दिइएको थियो। कार्यक्रममा ४९ जना कर्मचारीको सहभागिता थियो।

कार्यक्रम समापनका अवसरमा बैंकर्स प्रशिक्षण केन्द्रका निर्देशक आनन्द पौड्यालले तालिमको समीक्षा गर्दै भर्चुअल माध्यमबाट सञ्चालन हुने तालिमहरूलाई आगामी दिनमा थप प्रभावकारी बनाइने जानकारी दिनुभएको थियो।

# ज्ञान आदानप्रदान कार्यक्रमहरू सम्पन्न



**वित्तीय जानकारी इकाई**

वित्तीय जानकारी इकाईले २०७७ मङ्सिर ११ र १५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। इकाईले भर्चुअल माध्यममार्फत उक्त कार्यक्रम आयोजना गरेको हो।

मङ्सिर ११ गते आयोजित कार्यक्रममा वित्तीय जानकारी इकाईका सहायक निर्देशक मणि भण्डारीले 'गोएएमएल' विषयमा प्रस्तुति दिनुभयो। सो अवसरमा उहाँले गोएएमएल सफ्टवेयरको परिचय, पृष्ठभूमि, उक्त सफ्टवेयरमार्फत शंकास्पद कारोबार विश्लेषणको प्रभावकारिता एवम् यसको कार्यान्वयनका चुनौतीबारे जानकारी दिनुभयो। कार्यक्रममा इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले गोएएमएल सफ्टवेयरको कार्यान्वयनको अवस्थाबारे जानकारी दिनुभएको थियो।

मङ्सिर १५ गते आयोजित कार्यक्रममा संयुक्त राष्ट्रसंघीय लागू औषध तथा अपराध सम्बद्ध कार्यालयका स्रोतव्यक्ति अहमद मम्ताज खान जायीमले गोएएमएल सफ्टवेयरको प्रयोग र यसमार्फत शंकास्पद कारोबारको विश्लेषणमा देखापरेका समस्याबारे विश्लेषण गर्नुभयो।

सो अवसरमा वित्तीय जानकारी इकाईका निर्देशक दीर्घबहादुर रावलले गोएएमएल सफ्टवेयरमार्फत शंकास्पद कारोबारको विश्लेषणसम्बन्धी कार्यमा दुबै कार्यक्रमहरू फलदायी रहने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा इकाईका कर्मचारीहरूको सहभागिता थियो।

**जनकपुर कार्यालय**

जनकपुर कार्यालयले २०७७ असोज २७ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो।

कार्यालयका निर्देशक दुर्गेशगोपाल श्रेष्ठको सभापतित्वमा आयोजित कार्यक्रममा उप-निर्देशक डा.महेशकुमार चौलागाईंले 'नेपाल राष्ट्र बैंकको जोखिम व्यवस्थापन प्रारूपको सैद्धान्तिक र व्यावहारिक पक्ष' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। सो अवसरमा प्रस्तोता चौलागाईंले प्रत्येक सङ्गठनले सम्भावित जोखिमका कारण हुन सक्ने क्षतिलाई केन्द्रित गर्दै त्यसको न्यूनीकरणको निम्ति जोखिम व्यवस्थापनका उपाय अवलम्बन गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो। कार्यक्रममा उहाँले बैंकले अवलम्बन गर्दै आएको जोखिम व्यवस्थापन प्रारूपको नीतिगत र संस्थागत व्यवस्थाबारे जानकारी दिनुभयो।

निर्देशक दुर्गेशगोपाल श्रेष्ठ र उप-निर्देशक रामविलाश महतोले सहभागीले राखेका जिज्ञासाको जवाफ दिनुभयो। कार्यक्रममा जनकपुर कार्यालयका ३९ जना कर्मचारीको सहभागिता थियो। सहायक निर्देशक अनिलकुमार झा, प्रधान सहायक गंगेशकुमार झा र सहायक प्रेमबहादुर रसाईलीले संयुक्त रूपमा कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# सिद्धार्थनगरमा गोष्ठी, अनुशिक्षण र अन्तरक्रिया सम्पन्न



नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले २०७७ मङ्सिरमा आर्थिक वर्ष २०७७/७८ को वार्षिक कार्ययोजना अन्तर्गतका तीन वटा कार्यक्रमहरू सम्पन्न गरेको छ ।

यसै क्रममा कार्यालयले मङ्सिर १७ गते कार्यालयको सभाहलमा 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक एक दिने गोष्ठी आयोजना गऱ्यो । कार्यालयका निर्देशक सुदीप फुयालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न सरकारी निकाय, उद्योग-वाणिज्य संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा तथ्याङ्क कार्यालय, कपिलवस्तुका तथ्याङ्क अधिकृत नन्दलाल कुर्मीले 'नेपालमा आर्थिक तथ्याङ्कको महत्व र सङ्कलनका समस्या तथा सिद्धार्थनगर कार्यालयका सहायक निर्देशक रमेशकुमार न्यौपानेले नेपाल राष्ट्र बैंकबाट सङ्कलन गरिने आर्थिक तथा वित्तीय तथ्याङ्कको महत्व र सम्बन्धित निकायको भूमिका विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा निर्देशक फुयालले सरोकारवाला निकायको प्रभावकारी समन्वयमा विश्वसनीय तथ्याङ्कको सङ्कलन गर्न सकिने उल्लेख गर्दै त्यसमा सहयोग गर्न सरोकारवाला निकायहरूसँग आग्रह गर्नुभयो । कार्यक्रममा उप-निर्देशक शान्तिप्रसाद पाण्डेले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

यसै गरी सो कार्यालयले मङ्सिर १९ गते 'सरकारी कारोबार निर्देशिका, २०७६ को कार्यान्वयन' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा बैंकिङ विभागका निर्देशक सृजना बास्तोलाले 'सरकारी कारोबार निर्देशिका, २०७६ मा भएका मुख्य व्यवस्था, कार्यान्वयनको अवस्था र सुझावहरू' विषयमा भर्चुअल माध्यममार्फत दुई वटा वार्ता प्रस्तुत गर्नुभयो । निर्देशक बास्तोलाले प्रदेश लेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र बैंकहरूको संयुक्त अभ्यासबाट लेखाङ्कन कार्य सहज र सरल गर्न सकिने विषयमा धारणा राख्दै निर्देशिकाका व्यवस्थाबारे चर्चा गर्नुभएको थियो ।

सिद्धार्थनगर कार्यालयका निर्देशक सुदीप फुयालको अध्यक्षतामा आयोजित कार्यक्रममा उप-निर्देशक खगराज सापकोटाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे जानकारी दिनुभएको थियो । प्रधान सहायक शंकरप्रसाद भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, सोही कार्यालयले मङ्सिर २५ गते 'आर्थिक तथा बैंकिङ गतिविधिमा कोभिड-१९' को प्रभाव विषयक एक दिने अन्तरक्रिया आयोजना गऱ्यो । कार्यक्रममा विभिन्न वाणिज्य बैंकका प्रादेशिक प्रमुख, विकास बैंक र लघुवित्त संस्थाका प्रमुख कार्यकारी अधिकृत, उद्योगी/व्यवसायी आबद्ध संस्थाका प्रतिनिधि, होटल व्यवसायी संगठनका प्रतिनिधिलगायतको उपस्थिति थियो ।

उक्त कार्यक्रममा दुईवटा कार्यपत्र प्रस्तुत गरिएका थिए । बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले नेपालको वित्तीय प्रणालीमा

कोभिड-१९ को प्रभावलाई न्यूनीकरण गर्न चालिएका नीतिगत व्यवस्थाबारे कार्यपत्र प्रस्तुत गर्दै कोभिडको प्रभावपश्चात् राष्ट्र बैंकबाट जारी मौद्रिक नीति र अन्य नीतिगत निर्देशनको असोज महिनासम्मको समीक्षा गर्नुभयो। सोही विभागका निर्देशक मुक्तिनाथ सापकोटाले सहुलियतपूर्ण कर्जा र पुनरकर्जा सुविधाको कार्यान्वयन अवस्था र चुनौतीहरू विषयमा वार्ता प्रस्तुत गर्नुभयो।

कार्यक्रममा कार्यकारी निर्देशक ढकाल र निर्देशक सापकोटाले सहभागीद्वारा राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो भने आयोजक कार्यालयका स.नि. रमेशकुमार न्यौपानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# मूल्य तथ्याङ्क सङ्कलकसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले उपभोक्ता मूल्य, थोक मूल्य र तलब तथा ज्यालादर तथ्याङ्क सङ्कलन गर्ने शिक्षकहरूसँग २०७७ कात्तिक २१ र २४ गते अन्तरक्रिया कार्यक्रम गऱ्यो। विभागले भर्चुअल माध्यमबाट उक्त अन्तरक्रिया आयोजना गरेको हो।

कार्यक्रममा मूल्य तथ्याङ्कको शुद्धता, कोभिड-१९ का कारण मूल्य तथ्याङ्क सङ्कलनमा भएको असहजता र सोको सामाधानलगायतका विषयमा छलफल भएको थियो। विभागका का.मु. निर्देशक आर्या जोशीले कार्यक्रम सञ्चालन गर्नुभयो भने कार्यकारी निर्देशक डा.गुणाकर भट्टले कार्यक्रम समापन गर्नुभएको थियो। सो अवसरमा विभागका निर्देशकहरू र मूल्य महाशाखाका कर्मचारीहरूको सहभागिता थियो।

## सरुवा

जनशक्ति व्यवस्थापन विभागले २०७७ मङ्सिर महिनामा विभिन्न विभाग/कार्यालयका १४ जना कर्मचारीको सरुवा गरेको छ। मङ्सिर ३० गतेको निर्णयानुसार जनकपुर कार्यालयका उपनिर्देशक डा. महेशकुमार चौलागाईं सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग र सो विभागका अशोककुमार राई जनकपुर कार्यालयमा सरुवा हुनुभएको छ।

यसै गरी, मङ्सिर २४ गतेको निर्णयानुसार मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखा) का सहायक निर्देशक जितेन्द्रनाथ झा वीरगञ्ज कार्यालय, बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक श्रुती सिंह कानुन महाशाखा, विराटनगर कार्यालयका सहायक निर्देशक सुनिल कोइराला बैंक सुपरिवेक्षण विभाग, वित्तीय जानकारी इकाईका सहायक निर्देशक मणि भण्डारी विराटनगर कार्यालय, वीरगञ्ज कार्यालयका सहायक निर्देशक प्रतिभा थापा वित्तीय जानकारी इकाई र धनगढी कार्यालयका द्रोणबहादुर सिंह गभर्नरको कार्यालयमा सरुवा हुनुभएको छ।

यसै गरी, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका प्रधान सहायक रुबी साह जनकपुर कार्यालय, सिद्धार्थनगर कार्यालयका प्रधान सहायक चेतना नेपाल बैंकिङ विभाग, पोखरा कार्यालयका सहायक सन्तोष पनेरु बैंकिङ विभाग, बैंकिङ विभागका सहायक सुष्मित पौडेल सिद्धार्थनगर कार्यालय, बैंकिङ विभागका सहायक सुशील पोखरेल पोखरा कार्यालय र विदेशी विनिमय व्यवस्थापन विभागका सहायक सन्ध्या कार्की विराटनगर कार्यालयमा सरुवा हुनुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ।

## अवकास

विराटनगर कार्यालयका सहायक निर्देशक (कम्प्युटर) रेणुका बनले २०७७ मङ्सिर १२ देखि बैंक सेवाबाट अवकास पाउनुभएको छ। सहायक निर्देशकद्वय (कम्प्युटर) सिंगमान महर्जन र मोतीराम बैद्यले मङ्सिर १७ देखि अवकास पाउनुभएको छ।

यसै गरी, आर्थिक अनुसन्धान विभागका प्रधान सहायक सुरोज दाहाल, विराटनगर कार्यालयका प्रधान चालक तेजप्रसाद कडरिया, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका उप-प्रधानचालकद्वय केशव तामाङ र शेरबहादुर मगरले गत मङ्सिरमा अवकास पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ। मुद्रा व्यवस्थापन विभागका कार्यालय सहयोगी (प्रथम) अमन देउला, वीरगञ्ज कार्यालयका कार्यालय सहयोगी (प्रथम) हरिनारायण साह कानु, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यालय सहयोगी (प्रथम) कृष्णबहादुर श्रेष्ठ, बैंकिङ विभागका कार्यालय सहयोगी (प्रथम) राजकुमार थापा, वित्त व्यवस्थापन विभागका कार्यालय सहयोगी (प्रथम) लक्ष्मी केसी र पोखरा कार्यालयका कार्यालय सहयोगी (चतुर्थ) टीकामाया अधिकारीले पनि सेवाबाट अवकास पाउनुभएको छ।

# वित्तीय ग्राहक संरक्षण : नेपाल राष्ट्र बैंकका प्रयासहरू



✍ किरण पण्डित,
निर्देशक, नेपाल राष्ट्र बैंक

वित्तीय सेवा लिने ग्राहकहरूको हित संरक्षण अर्थात् वित्तीय ग्राहक संरक्षण अन्तर्गत मुख्यतः दुई विषय पर्दछन्, पहिलो, वित्तीय सेवा प्रदायकले प्रदान गर्ने सेवाको गुणस्तर र दोस्रो, वित्तीय सेवा लिने ग्राहकको गुनासो वा उजुरीको समुचित सुनुवाई ।

वित्तीय ग्राहकले कुनै सेवा प्राप्त गर्दा कसैको करकाप वा दबाब हुँदैन, उसले आँफै सुझबुझले सेवा लिने हो, ऊसँग कुन सेवा प्रदायकसँग सेवा लिने भन्ने स्वतन्त्रता हुन्छ, ऊ सेवाको स्तर तथा शुल्क तुलना गर्न सक्छ, त्यसैले यो सेवा लिने र दिने दुई पक्षको करार वा सम्झौताको विषय हो यसमा नियामक निकायको ध्यान किन पुग्नु पर्‍यो र ? नियामक निकायले त वित्तीय सेवा प्रदायकलाई पो नियमन गर्ने, सुपरिवेक्षण गर्ने, संस्थाको अस्तित्वलाई पो ध्यान दिने, वित्तीय स्थायित्वमा पो ध्यान दिने त ! भन्ने तर्क यदाकदा नसुनिने होइन । तर, वित्तीय सेवा प्रदायक आँफैमा आम बचतकर्ताको निक्षेपमा भर परेको हुन्छ र त्यो निक्षेपको सुरक्षा गर्नु उसको दायित्व तथा जवाफदेहिता हुन्छ । त्यही स्रोतको आधारमा उसले कर्जा तथा विविध किसिमका अन्य सेवा प्रदान गरेको हुन्छ । यिनै कारोबारबाट उसले नाफा आर्जन गर्दछ र संस्थाको अस्तित्व, ग्राहकलाई प्रदान गर्ने सेवा तथा सुविधाको गुणस्तर, विविधता र बढोत्तरी साथै सेवाको निरन्तरता यसैमा निर्भर हुन्छ । यसका अलावा नाफाबाट उसले आफ्ना सेयरधनीलाई लाभांश वितरण गर्नु पर्दछ । यसरी हेर्दा इजाजतपत्र प्राप्त संस्थाको स्थायित्व र विकास उसले कमाउने नाफामा भरपर्ने हुँदा नियामक निकायले वित्तीय सेवा प्रदायकले नाफा कमाउनु पर्छ भन्ने मान्यतालाई नकार्न सक्दैन । साथै वित्तीय मध्यस्थता गर्ने संस्थाहरू विश्वासको जगमा चलेका हुन्छन् यिनीहरू अरू व्यापार/व्यवसाय जस्तो होइन र यसको आर्जनको पनि सीमा हुन्छ नत्र वित्तीय मध्यस्थताका दुबै पक्षलाई जित जितको अवसर प्राप्त हुँदैन भन्ने पनि नियामकले बुझेको हुन्छ । यदि वित्तीय मध्यस्थताका कुनै पक्ष सन्तुष्ट हुन सकेन भने बचत परिचालन र पुँजी निर्माणको संरचनामा समस्या देखिन सक्छ । त्यसैले प्रतिस्पर्धात्मक नाफा कमाएर अन्य संस्थाले भन्दा राम्रो सेवा प्रदान गर्ने कोसिसमा हरेक वित्तीय सेवा प्रदायक लागिरहनु पर्दछ । नाफामा मात्र ध्यान दिई ग्राहकमाथिको शोषण नियामकलाई मान्य हुँदैन ।

वित्तीय मध्यस्थता आफैमा निकै संवेदनशील र चुनौतीपूर्ण कार्य हो । एकातर्फ जसको स्रोत प्राप्त भएको हुन्छ ऊ पनि सन्तुष्ट हुनुपर्दछ भने अर्कोतर्फ जसमाथि लगानी भएको छ ऊ पनि सन्तुष्ट हुनुपर्दछ । कुनै एक पक्ष असन्तुष्ट भएमा वित्तीय मध्यस्थता कार्यमा सन्तुलन कायम हुँदैन । यस विषयलाई नियामक निकायले महत्वका साथ हेर्नु पर्दछ र सबै खाले वित्तीय ग्राहकको हित संरक्षण हुने कुरामा चनाखो हुनुपर्दछ ।

वित्तीय ग्राहक संरक्षणको विषयमा पछिल्लो दशकमा विशेष गरी २००७/०८ को वित्तीय सङ्कटपछि नियामक निकायहरू निकै सक्रिय भएको देखिन्छ । फलस्वरूप विकसित मुलुकहरूमा Twin peak को अवधारणाले मूर्त रूप लिँदै गएको पाइन्छ । वित्तीय स्थायित्वको लागि नियमन तथा सुपरिवेक्षण गर्ने निकायका अलावा वित्तीय ग्राहकप्रतिको व्यवहारलाई नियमन तथा सुपरिवेक्षण गर्ने हेतुले स्थापना गरिएको स्वायत्त नियामकको संरचना नै Twin peak को अवधारणा हो । बेलायत, अष्ट्रेलिया, नेदरल्याण्ड आदि देशमा twin peak को अवधारणाको मूर्त रूप देख्न सकिन्छ भने Specialised agency को अवधारणा संयुक्त राज्य अमेरिकामा देख्न सकिन्छ । यद्यपि कतिपय देशमा वित्तीय ग्राहक संरक्षणको लागि ऐनको व्यवस्था भएको, कतै केन्द्रीय बैंकभित्रै स्वतन्त्र विभाग/इकाईको व्यवस्था भएको त कतै सरकारी निकाय समेतको संलग्नतामा Multiple (integrated) agency को अवधारणा अवलम्बन भएको पनि पाइन्छ ।

**नेपाल राष्ट्र बैंकबाट भएका प्रयासहरू**

ग्राहक संरक्षणको लागि प्रथमतः वित्तीय सेवा प्रदायक नै जिम्मेबार हुनु पर्ने विषय सर्वमान्य सिद्धान्त हो । यसै अनुरूप नेपाल राष्ट्र बैंकले पहिलो पटक एकीकृत निर्देशन, २०७२ मा वित्तीय ग्राहक संरक्षण तथा वित्तीय साक्षरता सम्बन्धी छुट्टै निर्देशन (नं. २२) जारी गर्दै वित्तीय सेवा प्रदायकले "सूचना तथा गुनासो सुनुवाई डेस्क" स्थापना गर्नु पर्ने, हटलाइन तथा अनलाइन पोर्टलको समेत व्यवस्था गरी गुनासो सुन्ने अधिकारी तोक्नुपर्ने व्यवस्था गरेको छ । साथै, वित्तीय ग्राहक संरक्षणको लागि पारदर्शिता, सरल भाषा, फरक क्षमता भएका व्यक्तिका लागि सरल बैंकिङ, सेवा शुल्क, गोपनीयता, तथ्याङ्क संरक्षणको साथै वित्तीय साक्षरताका विषयमा निर्देशन दिएको छ ।

यसरी सबै प्रकारका वित्तीय ग्राहकको हित संरक्षणको लागि प्रयासको

थालनी हुनुपूर्व २०६३ सालमा नेपाल सरकार, मन्त्रीपरिषद्को निर्णयबाट बैंक तथा वित्तीय संस्थाका ऋणीको गुनासो सुनुवाईको लागि गुनासो व्यवस्थापन समितिको स्थापना भएको र सो समितिले ऋणीहरूको गुनासो व्यवस्थापन गर्दै आएको पाइन्छ ।

आर्थिक वर्ष २०७६/७७ को मौद्रिक नीतिले वित्तीय ग्राहक संरक्षणको दायरा फराकिलो पारी सबै प्रकारका वित्तीय ग्राहकको हित संरक्षण गर्ने उद्देश्यले कार्यविधि र वित्तीय ग्राहक संरक्षण इकाईको परिकल्पना गरेको थियो । सोहीबमोजिम नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था नियमन विभागअन्तर्गत वित्तीय ग्राहक संरक्षण इकाईको व्यवस्था गऱ्यो र वि.सं. २०७७ मा पहिलो पटक नेपाल राष्ट्र बैंक, वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि, २०७७ जारी गऱ्यो ।

वित्तीय ग्राहक संरक्षणको लागि यस्तो संस्थागत संरचनाको निर्माणको अलावा विगत दुई वर्षमा नेपाल राष्ट्र बैंकले वित्तीय ग्राहक संरक्षण हेतु विभिन्न प्रावधानहरू लागू गरेको छ । उदाहरणका लागिः सेवा शुल्कको नियमन, ब्याजदर सम्बन्धी पारदर्शी व्यवस्था, risk premium मा फेरबदल, स्थिर ब्याजदरको छनोटको अवसर, आवधिक कर्जामा नवीकरण वा पुनरावलोकन शुल्कमा बन्देज, कोभिड-१९ को प्रभावको कारण बिद्युतीय कारोबारमा लाग्ने शुल्क मिनाहा, बन्दाबन्दीको अवधिमा ब्याज तिर्ने ग्राहकलाई छुट, कोभिडको असर परेकालाई ब्याजमा छुट, धितो लिलामीमा रोक, वित्तीय साक्षरतामा अनिवार्य खर्च आदि ।

नेपाल राष्ट्र बैंक वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि, २०७७ मा वित्तीय ग्राहकलाई कुनै समस्या परेमा गुनासो कहाँ र कसरी गर्न सकिन्छ? त्यसको व्यवस्थापन कसरी हुन्छ ? भन्ने कुराको अलावा वित्तीय सेवालाई निर्देश गर्ने सिद्धान्त र कार्यविधिको दायराका बारेमा समेत उल्लेख गरिएको छ । वित्तीय ग्राहक संरक्षण इकाईले हाल व्यवस्थापन गर्दै आएका गुनासाहरू हेर्दा प्रायशः कर्जाका सर्त, धितो लिलामी, कालो सूची, चेक अनादर, वित्तीय सेवामा ढिला सुस्ती, अपुरो र गलत सूचना, वित्तीय सेवा प्रदायकको एकतर्फी निर्णय, ब्याजदर तथा सेवा शुल्कसम्बन्धी गुनासो अत्याधिक देखिन्छन् भने नेपाल राष्ट्र बैंकको कार्यक्षेत्रभन्दा बाहिरका गुनासो, अंशियार बीचका झगडा, सम्पत्ति बेचबिखनसम्बन्धी कारोबार, ठेक्कापट्टामा ठगी, अदालत प्रवेश गरिसकेका विषय आदिसमेत प्राप्त हुने गरेका छन् । अधिकांश गुनासो वित्तीय साक्षरताको अभाव, पूर्ण सूचनाको अभाव, प्राविधिक विषयको अपुरो जानकारी, भ्रम सिर्जना गर्ने विज्ञापनजस्ता कारणले आउने गर्दछन् भने केही गुनासो वित्तीय ग्राहकको अनुमान, निजी धारणा, पूर्वाग्रह जस्ता कारणबाट पनि आउने गरेको देखिएको छ ।

## चुनौती र कार्यदिशा

वित्तीय ग्राहक संरक्षण कार्यमा केही चुनौती वित्तीय ग्राहकको अज्ञानताले आउने गर्दछन्, केही वित्तीय सेवा प्रदायकको छलछामले, केही सेवा प्रदायकका कर्मचारीको अनभिज्ञताले भने केही वित्तीय ग्राहकको लहण तथा गलत मनसायले पनि । म के सेवा लिँदै छु? यसको लागि मैले के के कुरा सोध्नुपर्दछ? के के बुझ्नु पर्दछ ? के के जोखिम आइपर्न सक्दछन् ? भन्ने विषय नबुझ्दा आइपर्ने गुनासोको व्यवस्थापन चुनौतीपूर्ण हुने गर्दछ । वित्तीय सेवा सामान्य बस्तु खरिदबिक्री जस्तो सहज नभएर प्राविधिक पक्ष पनि गाँसिएको हुन्छ । दीर्घकालीन असर पर्ने निर्णयमा हस्ताक्षर गरिएको हुन्छ । सम्पत्ति धितो बन्धक राखिएको हुन्छ । यी सबै पक्ष बुझ्न नसक्नु दोष होइन । सूचना तथा विज्ञताको आधारमा सरल भाषामा ग्राहकलाई बुझाउनु सेवा प्रदायकको कर्तव्य हुन्छ ।

अस्पष्ट, अपारदर्शी र क्लिष्ट विज्ञापनहरूको प्रयोग, अपुरो सूचना प्रवाह तथा असहज र भ्रामक किसिमका सेवा प्रवाह गरेर ग्राहकलाई मर्का परेका उजुरी परिराख्नुले वित्तीय सेवा प्रदायकहरू अझ बढी ग्राहकमैत्री हुनुपर्ने देखिन्छ । त्यस्तै, सेवा प्रदान गर्ने कर्मचारीमा अपुरो ज्ञानले ग्राहकलाई पर्न गएको क्षतिसम्बन्धी विषयको समाधान पनि गम्भीर र चुनौतीपूर्ण हुने गर्दछ । केही अवस्थामा ग्राहकले गलत मनसायले कारोबार गर्न खोज्नु जस्तै कमसल धितोको प्रयोग, सूचना लुकाउन खोज्नु, ऋणको दुरूपयोग गर्नु, समयमा बक्यौता भुक्तानी नगरी अन्य व्यवसायमा लगानी गर्नु जस्ता कार्यले पनि गुनासो व्यवस्थापन थप जटिल बनाउने गर्दछ ।

तसर्थ, नियामक निकाय यस्ता सबै सम्भावनाप्रति जानकार भएर सोही बमोजिम आफ्ना नीति नियम निर्माण गर्ने र गुनासोको उचित व्यवस्थापन गर्ने गर्नुपर्दछ । हाल अभ्यासमा रहेको प्रशासनिक संरचनाले धेरै हदसम्म वित्तीय ग्राहकका गुनासो व्यवस्थापन भए तापनि यसको पूर्णताको लागि नेपाल राष्ट्र बैंकको पहलमा हाल वित्तीय ग्राहक संरक्षण ऐनको मस्यौदा तयार हुँदैछ । तर्जुमा हुँदै गरेको यस ऐनले बैंक तथा वित्तीय क्षेत्रका ग्राहक मात्र नभएर समग्र वित्तीय प्रणालीका ग्राहकलाई समेट्नुपर्ने र ग्राहकका उजुरी तथा गुनासोको छिटो छरितो निरूपणका लागि प्रशासनिक संरचनाका अलावा अधिकार सम्पन्न अर्धन्यायिक निकायको पनि व्यवस्था गर्नुपर्ने देखिन्छ ।

# महामारीको समयमा बैंक तथा वित्तीय संस्था सञ्चालन र सुपरिवेक्षण



✍ विवेक कोइराला
उप-निर्देशक, नेपाल राष्ट्र बैंक

विश्वव्यापी रूपमा संक्रमण भएको नोवल कोरोना भाइरस (कोभिड-१९) को कारण नेपालका बैंक तथा वित्तीय संस्थाहरू पनि प्रभावित भएका छन् । कोभिड-१९ ले सर्वसाधारणको स्वास्थ्य र सुरक्षाको समस्यामा मात्र सीमित नभई यसले अर्थतन्त्रमा माग र आपूर्तिको सन्तुलनलाई नै धक्का पुऱ्याएको छ । हालसम्म विश्वले सामना गरेका अन्य मन्दी र आर्थिक सङ्कटहरूभन्दा कोभिड-१९ ले खडा गरेको आर्थिक चुनौती अलि पृथक रहे को देखिन्छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२० मा विश्व अर्थतन्त्र ४.४ प्रतिशतले सङ्कुचन हुने आँकलन गरेको छ भने यसबाट विश्व अर्थतन्त्रमा दुरगामी प्रभाव पर्ने अनुमान छ। कोभिड-१९ को असर न्यूनीकरणका लागि विश्वभरका केन्द्रीय बैंकहरूले अर्थव्यवस्था चलायमान राख्न तथा वित्तीय स्थायित्वको लागि क्षमता अनुसार साधन स्रोतहरूको प्रयोग गरेका छन् ।

यसै सन्दर्भमा कोभिड-१९ को असरलाई न्यूनीकरण गर्नका लागि नीति निर्माणमा नेपाल राष्ट्र बैंकले मूलतः तीन वटा सिद्धान्त (Policy Response Principles) लाई प्राथमिकता दिएको छ । पहिलो बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीको स्वास्थ सुरक्षालाई ध्यान दिई सर्वसाधारणलाई न्यूनतम वित्तीय सेवा प्रवाह गराइराख्ने, दोस्रो आर्थिक क्रियाकलापको निरन्तरतामा सहयोग गरी अर्थतन्त्रलाई चलायमान बनाइराख्ने र वित्तीय क्षेत्रको स्थायित्वलाई प्राथमिकतामा राखेर कोभिड-१९ को असर न्यूनीकरण गर्ने नीतिहरूलाई प्रयोगमा ल्याउनेलगायतका छन्। नेपाल राष्ट्र बैंकले कोभिड-१९ को असर न्यूनीकरण गर्न ल्याएका नीतिहरूले मुलभूत रूपमा बजारमा तरलता व्यवस्थापन गरी कर्जा उपलब्धता सुनिश्चित गर्ने, व्यापार व्यवसायलाई निरन्तरता दिन सहयोग गर्ने, कोभिड-१९ को असरका कारण तोकिएको समयमा कर्जा भुक्तानी गर्न असमर्थ व्यवसायलाई समय सीमा थप गर्न बढाउने र बैंक तथा वित्तीय संस्थालाई आवश्यक परेमा लचकता अपनाउन दिने र कोभिड-१९ ले ल्याउन सक्ने आर्थिक सङ्कुचन तथा वित्तीय क्षेत्रमा पर्नसक्ने चक्रीय प्रभावलाई न्यूनीकरण गर्न बजारमैत्री नीतिगत व्यवस्थाहरू गरेको छ। यसबाहेक नेपाल राष्ट्र बैंकले विभिन्न समयमा ल्याएका नीतिहरूले बैकिङ क्षेत्रमा काम गर्ने कर्मचारीहरूको स्वास्थ्य तथा सुरक्षालाई समेत विशेष महत्व दिएको छ। फलस्वरूप संक्रमण उच्च रहेको समयमा पनि केही स्थान विशेषबाहेक देशका धेरै स्थानमा बैंक तथा वित्तीय संस्थाको सेवा सुचारु राख्न सकिएको छ।

कोभिड-१९ ले अर्थतन्त्रमा पार्ने जोखिम न्यूनीकरण गर्न नेपाल राष्ट्र बैंकका सम्बन्धित सुपरिवेक्षण विभागहरूले बैंकले लिएका नीतिगत व्यवस्थाको पालनको लागि अधिकतम प्रयास गरेका छन् । कोभिड-१९ को जोखिमको सन्दर्भमा बैंकहरूसँग नियमित रूपमा बैंकको जोखिम व्यवस्थापन, Internal Capital Adequacy Assessment Process (ICAAP) / Stress Testing को सन्दर्भमा छलफल तथा अन्तक्रिया गरी सुपरिवेक्षकीय सञ्चारलाई निरन्तरता दिइएको छ । हरेक बैंकको लागि एक Individual Bank Supervisor तोकिएको र निजबाट कोभिड-१९ ले बैंक सञ्चालनमा पारेको प्रभाव, बैंकको वित्तीय अवस्था तथा जोखिमको मूल्याङ्कन सम्बन्धमा मासिक रूपमा जानकारी लिई विभागमा आफ्नो रायसहित प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाइएको छ । साथै, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरूको अनुपालनाको अवस्थाको अध्ययन गरेर बैंकहरूलाई थप नीतिगत निर्देशन दिने गरिएको छ। अन्तर्राष्ट्रिय रूपमा कोभिड-१९ को जोखिम न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक, बासल कमिटीलगायत अन्य केन्द्रीय बैंकहरूले लिएका समष्टिगत विवेकशील नीतिहरूको सूक्ष्म रूपमा अध्ययन गरी माथिल्लो निकायमा जानकारी दिने अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंकलगायतका अन्य संस्थाहरूसँग कोभिड-१९ का कारण सिर्जना हुनसक्ने समस्या समाधान गर्न नियमनकारी तथा सुपरिवेक्षकीय विषयमा नियमित छलफल तथा अन्तरक्रिया गरी नेपाल राष्ट्र बैंकले लिएका नीतिहरूको जानकारी गराउने गरिएको छ ।

कोभिड-१९ को कारण नेपाल सरकारले जारी गरेको बन्दाबन्दी र सुरुका सात महिनाको समयमा पनि बैंकहरूको वित्तीय स्वास्थ्य सामान्य नै रहेको छ । बैंकहरूको केही अति प्रभावित क्षेत्रको कर्जामा सुक्ष्म निगरानी कर्जा (Watch-List Loans) बढेको भए तापनि खराब कर्जाको अनुपात असार मसान्तमा १.९ प्रतिशत पुगेकोमा असोज मसान्तमा १.६ प्रतिशत रहेको छ । बैंकहरूको पूँजी पर्याप्तता अनुपात २०७७ असार मसान्तमा औसत १४.० प्रतिशत रहेकोमा २०७७ असोज मसान्तमा १३.९५ प्रतिशत कायम रहेको छ। बैंकहरूको तरलता सम्पत्ति निक्षेप अनुपात २० प्रतिशतभन्दा बढी हुनुपर्ने व्यवस्था रहेकोमा २०७७ असोज मसान्तमा औसत तरलता अनुपात करिब ३० प्रतिशत रहेको छ । त्यस्तै बैंकहरूको कर्जा प्राथमिक पूँजी र निक्षेप अनुपात बढीमा ८५ प्रतिशतसम्म हुन पाउनेमा २०७७ असोज मसान्तमा ७२.६१ प्रतिशत रहेको छ। बैंकहरूको Leverage Ratio न्यूनतम चार प्रतिशत हुनुपर्नेमा २०७७ असोज मसान्तमा करिब आठ प्रतिशत रहेको छ।

नेपाल राष्ट्र बैंकले नियमित अन्तरालमा गर्ने बैंक तथा वित्तीय संस्थाको स्थलगत निरीक्षण कोभिड-१९ ले ल्याएको स्वास्थ्य सुरक्षाको जोखिमका कारण प्रभावित बनेकोमा यसको असर सामान्य हुनासाथ सुरक्षाका आवश्यक उपायहरू अवलम्बन गरी पुनः नियमित गर्ने योजना बनाइएको छ ।

प्रकाशक
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

सम्पादक
डा. भागवत आचार्य

सम्पादन सहयोगी
विष्णुप्रसाद फुयाल
लालकुमार सुवेदी
नवीना ताम्राकार